कथा

# तिनीहरू को थिए ?

-चंकी श्रेष्ठ

हाम्रो गाडी ठीक त्यहीँ पुगेर रोकियो । संयोग थियो कि चालकको चलाखी ?

मतमताउँदा तीन युवती जोगीमारामुनि त्रिशुली किनारमा पौडी खेलिरहेका थिए । एउटीले घुँडामा काटिएको नीलो जिन्स र रातो टिसर्ट लाएकी थिई भने बाँकी दुईले खाकीको हाफ प्यान्ट्स र धुपछायाँ रंगका स्लीभलेस टिसर्ट । सेतो बाक्ला पिँडुला र कस्सिएका पाखुरा, आल्मुनियमको छेउछाउमा झल्झलाकार सुनजस्तै ।

'लौ तिर्खा मेट्न ओर्लौं, तिर्खा मेट्न ओर्लौं ।' के भन्दैछ खलाँसी ? केको तिर्खा मेट्न ? पानीको कि युवतीको ? खलाँसी त स्नातातिर कटाक्ष गर्दै हरिवंश आचार्यजस्तै मुस्कान दिइरहेको थियो ! यात्रुहरू हाँस्न थाले । ('सेन्स अफ ह्युमर' गजब छ केटोमा) ।

माथि नाक ठोकिने भीर, तल देशै बगाउँलाझैँ गरी उर्लिरहेको त्रिशुली । तरबारको धारजस्तो एकतमास तेर्सिएको छ मुग्लिन-नारायणगढ राजमार्ग । नजिकै स्वर्गीय मदन भण्डारी र जीवराज आश्रितका शालिक पिठ्यू फर्काएर ठडिएका छन् । केही यात्रु शालिकलाई अभिवादन गर्नथाले ।

'यी प्रगतिशील साथीहरूसित नसकिने भयो ।'

'सालिकलाई नै जल चढाउँदैछन् ।'

'सालिककै पाउको पानी आचमन गर्दैछन् !' फेरि हाँसोको फोहोरा छुट्यो ।

गाडी केका लागि रोकिएको थियो ? प्रश्न अबचाहिँ साँच्चिकै रहस्यमय बनेको थियो । पानी खान वा पिसाब फेर्न ओर्लनेहरू अब त्यो कार्य बिर्सेर वा सकेर त्रिशुली किनारतिर हेर्दै शान्ति प्राप्त गर्नथाले । भदौको उखरमाउलो गर्मीमा कपडैसहित डुबुल्की मार्नुको मजै बेग्लै । केटीहरू गीत गाइरहेका थिए, पानीमै नृत्य पनि गरिरहेका थिए ।

'हैन, के सारो गर्मी हो !'

'यता शीतल छ नि त ! नुहाएजस्तै हुन्छ,' केटीहरूतिर देखाउँदै एउटाले भन्यो ।

केटीहरू पौडिएको त अभिनय गर्थे, तर लाग्थ्यो, पौडन त्यति जान्दैनथे । कहिले एकार्कालाई हिलो छ्याप्थे त कहिले सिनेमाको गीत गाउँथे । कहिले भने नायक-नायिका शैलीमा एकार्काको लुगा तानेर नृत्य गरिरहेका वा चुम्बन गर्न खोजिरहेका हुन्थे ।

पहाडबाट प्रतिध्वनि हुनेगरी एउटी चिच्याई । अर्कीले त्यसलाई पानी छ्याप्दै लामो तानामा गाउन थाली । तेस्रीले त्यसलाई सचेत गराई, दर्शकतिर देखाएर । गाउनेले 'हेरे यत्रैसिति'को संकेत गरी र झन् ठूलो स्वरमा गाउन थाली ।

पिसाब फेर्ने वा पानी खान जानेहरू अब गाडीमा उक्लने नाम लिइरहेका थिएनन्, भर्खर ओर्लिएकाहरू पानी वा पिसाब सम्झिरहेका थिएनन् । हेटौँडा जाने अर्को गाडी हाम्रो गाडीसँगै रोकियो । त्यसबाट पनि यात्रुहरू ओर्लिए ।

'वा क्या फक्रेका फूल !'

'भँवरा भएर जाने हो ?'

'काँडाले घोच्ला !'

'जे त पर्ला !'

मान्छेको मनोविज्ञान पनि अचम्मकै हुन्छ । एउटा मान्छे अनौठो मानेर केही हेरिरहेको छ भने बिनादृश्य हेर्नेको ताँती लाग्छ । यो त मनोहर दृश्य नै थियो नि ! एक क्षणअघिसम्म

यहाँ हाम्रै मात्र गाडी थियो । अब गाडीको लाम लागेको छ । रमितेको जमात अरू थपिए । केही भने दृश्यमाथि थाकुन्जेल हाँसिरहेका थिए । केटीहरूलाई हेर्दै एउटा वृद्ध भुन्भुनायो, ‘उत्ताउला बैलाहरू....।’

भीडमा केही महिला पनि थिए । तिनको भाउ राख्ने कोही भएन । धेरै अर्थमा तिनीहरू लोग्नेमान्छे-छाँटकै स्वास्नीमान्छे थिए ।

‘आज राम्रै सपना देखिने भो,’ एक नवयुवकले भन्यो ।

‘विपनामै भए अझ कति राम्रो हुँदो हो ।’

‘हुन पनि सक्छ ।’

‘बोलाऊँ त ?’

‘तिनीहरू नै हामीलाई बोलाउँदैछन् ।’

डिलबाट हेर्नेको चाप बढेपछि केटीहरू अझै उत्ताउलिँदै छातीतिर मयल माड्न थाले । शहादत हसन मन्टोको कथा पढेजस्तै मान्छेहरू आफैँलाई बिर्सिरहेका थिए । यस्तो हुलमा थरिथरिका मान्छे हुन्छन् । एउटाले तिनीहरूलाई ताकेर स-साना ढुंगाले हान्यो । अर्कोचाहिँ उत्तेजित भएर गीतै गाउन थाल्यो- *बाटोमुनि दुईजना तरुनी, माया लाग्छ म कसो गरुनि* ।

त्यसलाई टोक्दै अर्कोले भन्यो, ‘दुईजना कि तीनजना ?’ तेस्रोले त्यसलाई सच्याएर दृश्यअनुसारै गाउन थाल्यो- *बाटोमुनि तीनजना तरुनी, बोलाउँछन् म कसो गरुँनि, एउटी ठूल्नानी, एउटी माइलीनानी, , एउटी सान्नानी* ।

त्यसको गीत सुनेर मानिसहरू पेट मिचीमिची हाँस्नथाले । केही भने त्यसको लयमा नाच्नैथाले ।

अब जति गाडी आउँथे, सब रोकिन्थे । जाम सायद उता नारायणगढदेखि यता मुग्लिनसम्मै पुगेको थियो । केही भद्रभलाद्मी भने तमासालाई नजरअन्दाज गर्दै बाटो खुलाउन जोड गरिरहेका थिए ।

ठाउँ-ठाउँमा सडक नराम्ररी बिग्रिएको थियो । पिच पक्कै वर्षायाममा गरिएको हुनुपर्छ ।

‘होइन, हाम्रो देशको सडक र प्रजातन्त्र किन उस्तै छन् हँ, सधैँ उप्किरहने ?’

‘दलहरू ‘तर..वादी’ भएकाले ।’

‘अहिले त्यस्तो भन्नु हुँदैन । दलहरू त लडिरहेकै छन् नि ।’

‘हो तिनीहरू लडिरहेकै छन् । तर तिनलाई सधैँ ‘तर..’ले बिगार्छ । यो ‘तर...’को ‘त’ तिनीहरूले जनताको ‘ता’बाट आकार झिकेर लिएका छन् भने ‘र’चाहिँ दरबारको ‘र’बाट जस्ताको तस्तै ग्रहण गरेका छन् ।’

विद्यार्थी नेता-छाँटको एक नवयुवकले भन्यो, ‘होइन, अब साँच्चिकै आन्दोलन हुन्छ । हामी वार कि पार गरेरै छाड्छौँ ।’

‘इस् हुन्छ आन्दोलन,’ सर लरेन्स ओलिभर शैलीमा ह्याट लगाएको एक अद्बैँसेले त्यसलाई लोप्पा ख्वाउँदै भन्यो, ‘पहिले तिम्रा मकाएका बुढा साँढेहरूलाई चुट्दै सात डाँडा कटाऊ, तबमात्र यो देशमा आन्दोलन हुन्छ, बुझ्यौ ?’

एकजोडा प्रेमी-प्रेमिका आइपुगे । प्रेमिका काटीकुटी पूर्वमोडल कोहिनुर सिंहजस्तै थिई । प्रेमी ? (भो, धेरै नदाजौँ ।)

दृश्य देखेर प्रेमी हाँस्नथाल्यो । अलि ठट्यौलो थियो । ‘तिमी पनि त्यसैगरी नुहाउन गए यिनीहरू कति खुशी हुन्थे होलान् !’

प्रेमिका रिसाई र प्रेमीको छातीमा मुड्की हानी । प्रेमी अझै उत्ताउलियो । 'त्यसो भए हामी दुवै जाऊँ न त !'

प्रेमिकाले अब हारी । आँखा तर्नथाली । 'उत्ताउलो मान्छे ! हिँड,' उसले प्रेमीको पाखुरा तानी । प्रेमी दृश्यको रमाइलो छाड्न मानिरहेको थिएन । प्रेमिका फन्कँदै हिँडी । प्रेमी फकाउँदै पछि लाग्यो । प्रेमिका मानिरहेकी थिइन ।

'ए बुढी, पख्न ए बुढिया हौ पख्.. ..!' प्रेमीले साइको ट्रिट गऱ्यो । (प्रष्ट थियो, प्रेमिकाको शरीर हेर्दा त्यो अझै अक्षत नै देखिन्थी ।) त्यसको असर परिहाल्यो । प्रेमिका आँखा तर्दै उभिई र सँगै हिँड्न थाली ।

केवल तीन युवती जो खोलामा नुहाएरै सडकजाम गरिरहेका थिए । कतिलाई त जामको कारणै थाहा थिएन । जाम खोल्न भनेर केही चुर्लिएर आउँथे, दृश्य देखेर मन्त्रमुग्ध हुन्थे ।

म गाडीमै छु । अरु दुईजना पनि गाडीमै छन् । 'यिनीहरूलाई त्रिशुलीले खान बेर छैन,' मैले भने ।

एकजना यो दृश्यलाई फ्रायडसँग जोड्न थाल्यो । इडिपसदेखि बीपीसम्मका कथाका पात्र उसको मुखमा झुण्डिएका थिए । फेरि हेब्लाँक ब्लन्सको चर्चा गर्नथाल्यो ।

'फ्रायड निकै बलिया छन्,' उसले भन्यो, 'यी मानिस जसमध्ये कतिले फ्रायडको नामै सुनेका छैनन् तर फ्रायडकै कथन पछ्याइरहेका छन् ।'

अर्कोचाहिँ अंग्रेजी अखबार पढिरहेको थियो । कालो स्लीभलेस लेदर गाउन लाएकी हलिवूड अप्सरा एन्जेलिना जोली र सदाबहार झुसेदारी ब्राड पिटको रोमान्सको तस्बिर थियो । तस्बिरसँगै अर्को समाचार थियो जसमा एन्जेलिनाको पूर्वपति विलीबब थर्नटनले भनेका थिए- 'शयनकक्षमा एन्जेललाई सन्तुष्टि दिनु पहाड धकेल्नुजस्तै हो ।' अब त पिट महोदय तम्सिएका थिए !

'यस्तो पनि समाचार !' उसले अखबार भुइँमा पछाऱ्यो र समाचारको आदर्शबारे हामीलाई प्रशिक्षण दिनथाल्यो ।

गाडीको अर्को यात्री भने सानामा आफूले पौडन नजान्दा डुबेर झण्डै सिलटिम्मुर खाएको कथा हाल्नथाल्यो । गाउँकै पौडन जान्ने एउटी थरुनीले उसलाई बचाएकी थिई ।

नदीकिनारको दृश्य त हाउसफूल नै चलिरहेको थियो । ड्राइभरको अत्तोपत्तो थिएन । उमेरले गुँड पस्ने खालका वृद्धहरू पनि अनेक उपमा दिन थाले । एउटा वृद्ध आफ्नो दौँतरीलाई जिस्काउन थाल्यो । अर्कोचाहिँ जवानीको सारा जोश शब्दमा निचोर्न थाल्यो ।

सिद्धान्तले पूरै मार्क्सवादी एक युवक पनि यस्तोमा फ्रायडवादी देखियो । अघिल्लो राती आफूले हेरेको नीलो चलचित्रका नायिकासँग यिनीहरूलाई दाँज्न थाल्यो ।

त्यसले आफ्नो पहिलो 'अनुभवन्यास' फर्मायो । त्यसबेला ऊ केवल १४ वर्षको थियो । गाडीमा यात्रा गरिरहेको थियो । ऊ बसेको आधा सिट खाली थियो । दोहोरो आङकी करिब २४ वर्षीया युवती आधा नितम्ब उसको तिघ्रामै अड्याएर बसिदिई । त्यसको शरीर फूलजस्तै नरम थियो । पहिलो पल्ट आफूलाई सम्हाल्न उसलाई निकै गाह्रो भएको थियो । युवती ऊतिर फर्केर मुसुक्क हाँसी, जसको भाव थियो, 'म अलि मोटी छु हकि !'

'मार्क्सभन्दा आखिर फ्रायड नै बलिया रहेछन् नि,' साथीले त्यसलाई छेड हान्यो ।

'धत् ! कहाँका मार्क्स, कहाँका फ्रायड । क्षणिक मनोरञ्जनको विषयलाई मार्क्ससँग नजोडन यार ।'

केही मान्छे भने आफ्नै सुरमा सडक खुलाउन जोड गरिरहेका थिए । 'जाबो आइमाई नुहाएको हेरेर देशै ठप्प पार्ने ?' तिनीहरू भन्दै थिए । तर के लाग्थ्यो, चेखबका पात्रजस्तै सबै आ-आफ्ना विशिष्टतासहित त्यहाँ उपस्थित थिए ।

केटीहरू फेरि किनारमा उत्रिएर छाती माड्न थाले । एउटीले अर्कीलाई प्याट्ट हानी । अर्की लखेट्न थाली । किनारमा उभिँदा अर्की अझै पारदर्शी देखिई, माथिपट्टि । सुकोमल शरीर, कतै क्षत नभएकी ।

मयल पखाल्न फेरि तीनैजना पानीमा ओर्लिए । फेरि तिनीहरू उत्ताउलिन थाले । एउटी किनारमा उभिएर कपाल झट्कार्न थाली । चिसै लुगामाथि कुर्ता हुली र हाफ प्यान्ट्स र टिसर्ट फुकाली । छड्केबाट त्यसको पहेँला साँप्रा झलक्क देखिए । माथिबाट सिट्टी बज्न थाल्यो । पौडिरहेका दुई युवती भने हातको इशाराले दर्शकलाई निम्त्याउन थाले ।

किनारामा उभिएकी युवती अब नीलो कुर्ता र पहेँलो सुरुवालमा सजिएर मुस्काइरहेकी थिई । रमितेको लहैलहैमा दुई युवक तलतिर ओर्लिए ।

पौडिरहेका युवतीहरू अझै उत्ताउलिन थाले । एउटीले किनारामा उभिएकीलाई इशाराले बोलाई । एक्कासि अर्कीको आर्तनाद सुनियो । त्यसलाई नदीले तानिरहेको थियो । अर्कीले हात दिई । त्यो पनि सँगै खुर्मुरिई । दुबै डुब्दै तैरँदै किनारमा आउने प्रयास गरिरहेका थिए । अहो, तिनीहरूको अनुहारमा कस्तो हतासा ! रमितेहरू अब शोकमग्न हुँदै किनारै किनार तिनीहरूलाई हेर्न दौडिए । एकै क्षणमा देखिनै छाडे । एउटा हास्यप्रधान नाटक निमेषभरमै त्रासदीमा बदलिएको थियो ।

किनारमा उत्रिएकी केटी मुख छोपेर रुनथाली । मानिसहरू त्यसलाई सहानुभूति दिन थाले । अघि जन्तीजस्तै हौसिएका मानिसहरू अब मलामीजस्तै मौन थिए ।

त्रिशूली किनारको दृश्यको अनिवार्य पटाक्षेप सायद त्यही नै थियो । हामी शोकमग्न मलामीजस्तै फर्किरहेका थियौँ । सबैको अनुहारमा अपराधबोधको एउटा टाटो थियो ।

कृष्णभीरनजिकै बेहुलीको पहिरनमा सजिएका दुई युवतीले हाम्रो गाडी रोके । सबैजना उत्सुकताबस तिनीहरूलाई हेर्न थाले । गाडी अगाडि बढिरहेकै बेला सबैको ध्यानाकर्षण गर्दै लगभग चिच्याएको स्वरमा दुवैजना प्रश्न गर्न थाले- 'तपाइँहरूमध्ये को-को हामीसँग बिहे गर्न तयार हुनुहुन्छ ?' तिनीहरूका हातमा पेस्तोल थियो ।

यस्तो प्रश्नको जवाफ त्यसै पनि सरल हुँदैन । त्यसमाथि पेस्तोल आतंक ! तिनीहरूले घुम्टो खोले । अचम्म ! यी त जोगीमारामा नुहाइरहेका तिनै युवती थिए जसलाई पछि त्रिशुलीले बगाएको थियो । यो के हो ?

गाडी अब तिनीहरूको कब्जामा थियो ।

*जन्म: २०२८, भदौ २५, गुण्डू, भक्तपुर*

*शिक्षा: स्नातक*

*कृति: फूलबिनाको शाखा*

*पुरस्कार, सम्मान: प्रज्ञा कथा पुरस्कार- २०६१, आमसञ्चारमा साहित्यिक पत्रकारिता सम्मान(२०६०), राष्ट्रिय गजल पुरस्कार(२०५७)*

*सिर्जनाको प्रमुख विधा: कथा, कविता*

chankyshrestha@hotmail.com